# कक्षा सात पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

नवराज पौडेल
परीक्षा क्रमाङ्क : २०४०१९२/२०६७
त्रि. वि. दर्ता नं. : ९-२-२०४-६५-२००५
क्याम्पस रोल नं.: ०७१/२०६७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्षको
नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

शोधपत्र

नेपाली शिक्षा विभाग
श्री कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

सन् २०१४/२०७१

# प्रतिबद्धता पत्र

प्रस्तुत ' कक्षा सात पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन ' शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुनअनुसार दण्डित हुन तयार छु ।


शोधार्थी

नवराज पौडेल

परीक्षा क्रमाङ्क : २०४०१९२

त्रि. वि. दर्ता नं. : ९-२-२०४-६५-२००५

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा

# सिफारिस पत्र

स्नातकोत्तर तह नेपाली शिक्षा विषय (नेपा.शि.५९८) को पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत 'कक्षा सात पूरा गरेका  विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकको यो शोधपत्र श्री नवराज पौडेलले मेरा निर्देशनमा अत्यन्त मिहिनेत र परिश्रमपूर्वक तयार पार्नुभएको हो । म यो शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

(वि.सं. २०७१ /०२ / २४ )

उप.प्रा.विष्णुप्रसाद कोइराला
शोध निर्देशक
नेपाली शिक्षा विभाग
श्री कनकाई बहुमुखी क्याम्पस,
सुरुङ्गा, झापा

# कृतज्ञता ज्ञापन


झापा जिल्लाका कक्षा सात पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति आदरणीय गरु विष्णुप्रसाद कोइरालाज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्ना समस्या र बाध्यतालाई पर पन्साएर अति नै ब्यस्त समयमा पनि यस शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन तथा शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक सुझाव, प्रेरणा दिई कुशल निर्देशन दिनुहुने मेरा शोध निर्देशक श्रद्धेय गुरु उप प्राध्यापक विष्णुप्रसाद कोइरालाप्रति हार्दिक आभार एवम् कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख सहप्रध्यापक कोमलप्रसाद पोखरेलप्रति आभार प्रकट गर्दछु । यस शोध कार्यमा आवश्यक सल्लाह सुझावहरू दिने मेरा आदरणीय गुरुहरू सहप्राध्यापक श्री जीवनाथ सुवेदी, सहायक प्राध्यापक श्री सेरबहादुर बानियाँ र सहायक प्राध्यापक श्री तेजप्रसाद खनालप्रति म कृतज्ञ छु । यस शोधपत्र लेखन कार्यका निम्ति प्रश्नावली भराउने काममा ६ वटा विद्यालयमा पुग्दा सहयोग गर्ने प्रधानाध्यापकज्यू तथा विद्यालय परिवारका सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

विविध आर्थिक कठिनाईहरूसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र खर्च गरेर मेरो अध्ययनलाई यस अवस्थामा पुऱ्याउने मेरा पिता जगन्नाथ पौडेल र माता पम्फादेवी पौडेलप्रति म आजीवन ऋणी छु । मेरो अध्ययनको क्रममा हौसला प्रदान गर्नुहुने काका पुण्यप्रसाद पौडेल र श्रीमती सुशीलादेवी पौडेललाई आभार प्रकट गर्दछु । यस शोधकार्यमा विशेष सहयोग पुऱ्याउने मेरो आत्मीय मित्र कमल भट्टराई विशेष आभार व्यक्त गर्दछु साथै मित्रहरु घनश्याम पौडेल र लीला पौडेल पनि धन्यवादका पात्र हुनुहुन्छ । छपाइ कार्यमा सहयोग पुऱ्याउनुहुने मनकामना कम्प्युटर इस्टिच्युटका प्रोप्राइटर आदरणीय दाइ सरोज भट्टराईलाई धन्यवाद नदिइरहन सक्दिन ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु

शोधार्थी

नवराज पौडेल

# शोधसार

शोध शीर्षक : कक्षा सात पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

शोधार्थी : नवराज पौडेल

शोध निर्देशक : उप प्राध्यापक विष्णुप्रसाद कोइराला

विभाग क्याम्पस : नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा

शैक्षिक वर्ष : २०६६

पृष्ठ : ४७

## शोध परिचय

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । भाषा पाठ्यक्रम अन्तर्गत भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गर्दा अपनाइने सिद्धान्तका आधारमा कक्षा सात पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन विश्लेषण गर्नु, निबन्धलेखन गर्दा कुनकुन क्षेत्रमा बढी त्रुटि गर्छन् । त्यसको पहिचान गरी सुझाव प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## शोध प्रक्रिया

निबन्धलेखन क्षमता पहिचान गर्नका निम्ति झापा जिल्लाको राजगढ गाविस अन्तर्गतका ३/३ वटा सरकारी र निजी विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीहरूलाई नमुना छनोट गरिएको छ । छनोट गरिएका विद्यार्थीहरूलाई निबन्धलेखन क्षमता परीक्षण गरी सो परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई व्याख्या विश्लेषण गर्न मध्यमान, मानक विचलन र T परीक्षण जस्ता सांख्यिकीको प्रयोग गरिएको छ ।

शोध निष्कर्ष

समग्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रतिशत र मध्यमानको आधारमा हेर्दा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरु मध्यमानभन्दा माथि ४६.६६ प्रतिशत रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन क्षमता केही कमजोर देखिन्छ भने यसको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन क्षमता सन्तोषजनक देखिन्छ । लैङ्गिक आधारमा हेर्दा समग्र छात्र विद्यार्थीहरूको क्षमता मध्यमानभन्दा  माथि ५१.११ प्रतिशत र छात्राहरू ५३.३३ प्रतिशत रहेकाले दुवैको क्षमता सन्तोषजन नै देखिन्छ । छात्रहरूभन्दा छात्राहरू बढी क्षमतावान् रहेका छन् ।

## विषयसूची


| | पेज |
|---|---|
| अध्याय एक : शोध परिचय | १-५ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ अध्ययनको औचित्य /महत्त्व | ३ |
| १.५ प्राक्कल्पना | ४ |
| १.६ अध्ययनको सीमाङ्कन | ५ |
| १.७ अध्ययनको रुपरेखा | ६ |
| अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा | ६-२० |
| २.१ पूर्वकार्यको समीक्षा | ६ |
| २.२ अध्ययनमा पूर्वकार्यको उपयोगिता | १० |
| २.३ सैद्धान्तिक / धारणात्मक रुपरेखा | ११ |
| २.३.१ पृष्ठभूमि | ११ |
| २.३.२ निबन्ध : व्युत्पत्ति र अर्थ | १२ |
| २.३.३ निबन्धको परिभाषा | १४ |
| २.४ भाषिक सीप र निबन्ध विधा | १५ |
| २.४.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप | १५ |
| २.४.२ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व | १७ |
| २.४.३ लेखाइ सीपको विकासमा निबन्ध लेखनको स्थान | १८ |
| २.४.४ निम्न माध्यमिक तहमा निबन्ध शिक्षणको प्रयोजन | १९ |
| २.५ निष्कर्ष | २० |
| अध्याय तिन : अनुसन्धान विधि | २१-२६ |
| ३.१ अध्ययनको ढाँचा | २१ |

३.२ जनसंङ्ख्या तथा नमुना पहिचान २२
३.३ प्रतिनिधि नमुना छनौट विधि २२
३.४ तथ्याङ्क सङ्कलन स्रोत २३
३.५ तथ्याङ्क सङ्कलनका साधन २३
३.६ तथ्याङ्क सङ्कलन विधि २४
३.७ तथ्याङ्क विश्लेषण विधि २४

अध्याय चार : व्यख्या र विश्लेषण २७-३९
४.१ समग्रमा विद्यालयहरुको निबन्ध लेखन क्षमताको स्थिति २७
४.२ सरकारी विद्यालयका समग्र विद्यार्थीहरुको निबन्धलेखन अभिव्यक्ति क्षमताको स्थिति २९
४.३ निजी विद्यार्थीका समग्र विद्यार्थीहरुको निबन्ध लेखन अभिव्यक्ति क्षमताको स्थिति ३०
४.४ छात्र विद्यार्थीहरुको निबन्धलेखन क्षमताको स्थिति ३२
४.५ छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति ३४
४.६ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरुको निबन्धलेखन क्षमताको समूहगत स्थिति ३५
४.७ निबन्ध लेखन क्षमताको तुलनात्मक विश्लेषण ३७
४.७.१ विभिन्न समूहमा निवन्धलेखन क्षमताको तुलनात्मक स्थिति ३७
४.७.२ विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना ३७
४.७.३ लैङ्गिक आधारमा छात्र र छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना ३८
४.८ निष्कर्ष ३९

अध्याय पाँच : उपसंहार ४१-४५
५.१ सारांश ४१
५.२ निष्कर्ष ४१
५.३ उपयोगिता ४२

५.४.सुझाव ४३
५.४.१ नीति निर्माण तह ४३
५.४.२ कार्यान्वयन तह ४४
५.४.३ भावी अनुसंन्धान तह /पक्ष ४५

सन्दर्भग्रन्थसूची
परिशिष्ट

# तालिकासूची

| तालिका सङ्ख्या | पेज |
|---|---|


१. समग्र विद्यार्थीहरुको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति २७

२. मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति २८

३. सरकारी विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन अभिव्यक्ति क्षमताका प्रतिशाङ्क स्थिति २९

४. मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखनको क्षमताको स्थिति ३०

५. निजी विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन अभिव्यक्ति क्षमताको प्रशिताङ्क स्थिति ३०

६. मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन अभिव्यक्ति क्षमताको स्थिति ३१

७. समग्र विद्याथीहरुमध्येबाट छात्र विद्यार्थीहरुको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ३२

८. मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको स्थिति ३३

९. छात्रा विद्यार्थीहरुको निवन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ३४

१०.मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरुको निबन्धलेखन क्षमताको स्थिति ३५

११. समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरुको निवन्धलेखन क्षमताको समूहगत स्थिति ३५

१२. विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना ३८

१३. लैङ्गिक आधारमा छात्र र छात्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना ३९

# स्तम्भचित्र सूची


१ सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन
क्षमताको तुलना ३९
२ छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना ४०